प्रदेश सरकार

प्रदेश नं. ५

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

## पशुपन्छी उत्पादन तथा बजार प्रबर्द्धधन कार्यक्रम २०७५/७६ को लागि स्वीकृत भएका अनुदानग्राहीहरुको विवरणको सूचना

सूचना प्रकाशित मिति : २०७५/११/११

यस मन्त्रालयको पशुपन्छी उत्पादन तथा बजार प्रबर्द्धधन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ मा व्यवस्था भए बमोजिम मिति २०७५/११/०८ गते बसेको अनुदान व्यवस्थापन समितिको निर्णयानुसार पशु बधशाला स्थापना सहयोग तथा प्रबर्द्धधन, नमूना मिटमार्ट स्थापना सहयोग र व्यवसायिक फर्म तथा सहकारीका लागि सहकार्यमा दाना तथा अन्य पशुजन्य पदार्थ ढुवानीका लागि पिकअप खरिद सहयोग कार्यक्रमतर्फ स्वीकृत भएका अनुदानग्राहीहरुको विस्तृत विवरण सम्बन्धि सूचना यस मन्त्रालयको वेभसाइड molmac.p5.gov.np मा प्रकाशित गरिएको छ। स्वीकृत भएका अनुदानग्राहीहरुको सम्बन्धमा तपसिलका कारणबाट स्वीकृत हुन नपर्ने देखिएमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र मन्त्रालय मातहतका कार्यालय वा molmacp5.gunaso@gmail.com मा लिखित रुपमा कारण सहित उजुरी निवेदन पेश गर्नुहुन अनुरोध छ। उजुरी परेको हकमा उजुरीउपरको छानविन पछि र नपरेकाको हकमा आठौं दिनदेखि सम्झौता गरी कार्यान्वयन प्रक्रिया अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैमा अनुरोध छ।

**तपसिल**

१. यस अघि सोही विषयमा कुनै पनि निकायबाट विगत दुई वर्ष भित्र दुई लाख वा सो भन्दा बढी अनुदान प्राप्त गरेको भएमा।

२. यस अघि प्राप्त गरेको अनुदानको दुरुपयोग गरेको भएमा।

३. अन्य केही विशेष कारण भएमा।